# माध्यमिक विद्यालय स्थान निर्धारण (SSPA) प्रणाली 2025

# बारम्बार सोधिने प्रश्नहरू

## SSPA परिणामहरूको निर्गमन

**(1) Q यदि आमाबुवा / अभिभावकहरूले स्कूलमा फर्कन र विनियोजन परिणामहरू सकलन गर्न सकेन आवाश्यकता परिणाम जारी हुने दिन (8 जुलाई 2025) वा 10 जुलाई र 11 जुलाईमा विनियोजित विद्यालयहरूमा दर्ता गर्न सकिन्छ भने, उनीहरूले के गर्नुपर्दछ?**

**A** (a) यदि अभिभावक / अभिभावकहरूले स्कूलमा फर्कन र विनियोजन परिणामहरू सक्लन गर्न र व्यक्तिगत रूपमा विनियोजित विद्यालयहरूको साथ दर्ता प्रक्रिया पूरा गर्न असमर्थ छन् भने, उनीहरूले आफ्नो बालबालिकाको प्राथमिक विद्यालयको स्कूल हेडबाट प्रतिनिधिलाई तिनीहरूको पक्षबाट कार्य गर्न लिखित अधिकार प्राप्त गर्नुपर्नेछ। विवरणको लागि, कृपया सम्बन्धित प्राथमिक विद्यालयलाई सम्पर्क गर्नुहोस्। विनियोजित परिणाम प्रकाशन हुने दिनमा, अधिकृत व्यक्तिले प्राथमिक विद्यालयबाट सम्बन्धित विद्यार्थीको माध्यमिक 1 विद्यार्थीहरूको दर्ताको लागि भर्ना स्लिप र अधिकारपत्रको मूल संग्रह सक्लन लागि व्यक्तिगत रूपमा आफ्नो परिचय कागजात प्रस्तुत गर्नुपर्नेछ, जसरी सम्बन्धित कागजातहरूको साथ निर्दिष्ट मितिहरूमा दर्ता प्रक्रिया पूरा गर्न। अन्यथा, विनियोजित माध्यमिक 1 (S1) ठाउँ आरक्षित हुनेछैन।

(b) यदि आमाबुवा / अभिभावकहरूले आफैं वा उनीहरूका आधिकारिक प्रतिनिधिहरू द्वारा व्यक्तिगत रूपमा विनियोजित विद्यालयसँग दर्ता गर्न वास्तविक कठिनाइहरू छन् भने तिनीहरूले दर्ता अवधि समाप्त हुनु अघि सम्बन्धित विद्यालयहरू वा शिक्षा ब्यूरो (EDB) को स्कूल प्लेस एलोकेशन (SPA) खण्डलाई सूचित गर्नुपर्छ ताकि दर्ताको लागि वैकल्पिक व्यवस्था गर्न सकिन्छ। त्यसो गर्न असफल हुनुको अर्थ उनीहरूले छुट्याइएको ठाउँहरू त्याग्न रोजेका छन्।

**(2) Q यदि विद्यार्थीहरू रेजिष्ट्रेसन अवधिको अघि आफ्नो विनियोजन कागजातहरू हराउँदछन् भने तिनीहरूले के गर्नुपर्दछ?**

**A** यदि विद्यार्थीहरूले रेजिष्ट्रेसन अवधिको अघि आफ्नो विनियोजन कागजातहरू हराउँदछन्, तिनीहरूले सकेसम्म चाँडो प्रतिस्थापनको लागि आवेदन दिनुपर्दछ। विद्यार्थी वा उनीहरूका आधिकारिक प्रतिनिधिहरूले विद्यार्थीहरूको परिचय कागजातहरू र उपस्थित प्राथमिक विद्यालयहरूको कागजातहरू (उदाहरणका लागि स्कूलका रिपोर्टहरू वा Primary 6 Student Record Forms) र EDB को SPA सेक्सनमा प्रतिस्थापन प्रक्रिया पूरा गर्नुहोस् (ठेगाना: Podium Floor, West Block, Education Bureau Kowloon Tong Education Services Centre, 19 Suffolk Road, Kowloon Tong, Kowloon) कार्यालय समय (सोमबार देखि शुक्रबार बिहान 8:30 बजे देखि 1:00 बजे सम्म र 2:00 बजे देखि 6:00 बजे सम्म; शनिबार, आइतबार र सार्वजनिक बिदाहरूमा बन्द हुनेछ)। आधिकारिक हस्ताक्षर शुल्क HK$125 हो। यदि विद्यार्थीहरूले दर्ता अवधि भित्र आफ्नो विनियोजन कागजातहरू गुमाए भने, उनीहरूले सकेसम्म चाँडो नै EDB SPA सेक्सनमा 2832 7740 वा 2832 7700 सम्पर्क गर्नुपर्नेछ।

**(3) Q यदि निर्धारण परिणामहरूको निर्गमन पछि वा दर्ता पछि उनीहरूका बालबालिकालाई अन्य विद्यालयद्वारा भर्ना गरेपछि आमाबुवाहरूले उनीहरूका बालबालिकालाई अर्को विद्यालयमा प्रवेशको लागि आवेदन गर्न चाहेमा, उनीहरूले के गर्नुपर्दछ?**

**A** आमाबाबुले, विभिन्न कारणहरूले गर्दा, आफ्ना बच्चाहरूलाई अर्को विद्यालयमा भर्नाको लागि आवेदन दिन चाहन सक्छन्। यस अवस्थामा, आमाबुवाहरूले प्रत्यक्ष रूपमा विद्यालयमा आवेदन दिनुपर्दछ र उनीहरूको बालबालिकाका भर्नाको निर्णय सम्वन्धित विद्यालयको हातमा छ। बालबालिकाहरूलाई अर्को विद्यालयद्वारा भर्ना गर्नु अघि आमाबुवाले तोकिएको दर्ता अवधि र समयभित्र निर्धारित विद्यालयसँग अझै पनि दर्ता गर्नुपर्दछ भन्ने कुरा आमाबुवाले ध्यान दिनुपर्दछ। यसो गर्नमा असफल भएमा उनीहरूले निर्धारण विद्यालय ठाउँहरू त्यागेको बुझिनेछ।

यदि विद्यार्थीलाई अर्को विद्यालयद्वारा भर्ना गरियो भने, उसले/उनले स्थानान्तरण गरिएको विद्यालयमा पेश गर्नको लागि उसले/उनीले दर्ता गरेको निर्धारित विद्यालयबाट भर्ना स्लिप प्राप्त गर्नुपर्दछ। विद्यार्थीले निर्धारित विद्यालयबाट भर्ना स्लिप प्राप्त गरे पछि, निर्धारित विद्यालयले दर्ता रद्द गर्नेछ र उसको/उनको लागि उपरान्त S1 स्थान आरक्षित गरिनेछैन।

**(4) Q विद्यार्थीको लागि अन्य डिस्ट्रिक्टको विद्यालयमा स्थान निर्धारित गरिनेछ?**

**A** एक विद्यार्थीलाई निम्न परिस्थिति/मामिलाहरूमा अन्य जिल्लाहरूको एक विद्यालयमा विनियोजित गरिनेछ:

(a) विद्यार्थीलाई विवेकी स्थान (DP) चरणमा अर्को जिल्लाको विद्यालयले भर्ना गरेको हुन सक्छ; वा

(b) विद्यार्थीलाई केन्द्रीय विनियोजित (CA) चरणमा भाग A "अप्रतिबन्धित विद्यालय छनौटहरू" अन्तर्गत छनोट गरिएको अर्को जिल्लामा विद्यालय स्थान छुट्याइएको हुन सक्छ; वा

(c) प्रत्येक विद्यालय नेटले वस्तुत: उक्त डिस्ट्रिक्टक माध्यमिक विद्यालयहरू र साथमा केही सङ्ख्यामा अन्य डिस्ट्रिक्टका माध्यमिक विद्यालयहरू पनि सम्मिलित गर्छ जहाँबाट आमाबुवाहरूले रोज्न सक्छन्। विद्यार्थीहरूलाई अर्को डिस्ट्रिक्टको माध्यमिक विद्यालयमा स्थान निर्धारित गरिन सकिनेछ जसले उसको/उनको विद्यालय नेटको लागि विद्यालय स्थान प्रदान गर्छ।

**(5) Q के विद्यार्थीहरूलाई विद्यालयको द्वितीयक छनोट फारम (Choice Form) मा गरिएका उनीहरूका विद्यालय रोजाइहरू बाहिरका विद्यालयमा आवंटित/विनियोजित गरिनेछ?**

**A** Choice Form भाग A "अप्रतिबन्धित विद्यालय छनौटहरू" पूरा गर्दा, अभिभावकहरूले कुनै पनि विद्यालय नेटहरूबाट अधिकतम तीन माध्यमिक विद्यालयहरू छनोट गर्न सक्छन् । जहाँ भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" पूरा गर्दा, अभिभावकहरूले उनीहरूको बच्चा पढ्ने विद्यालय नेटबाट अधिकतम 30 माध्यमिक विद्यालयहरू छनोट गर्न सक्छन्।

विद्यालय स्थानहरू निर्धारणको प्रक्रियामा भाग A को "अप्रतिबन्धित विद्यालय छनौटहरू" पहिले संसाधित गरिनेछ। भाग A मा विद्यालय स्थान प्राप्त गर्न सफल विद्यार्थीलाई भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" मा विद्यालय स्थान विनियोजित गरिनेछैन। यदि कुनै विद्यार्थीलाई भाग A मा उसको/उनको सबै विद्यालय रोजाइहरू प्रयास गरि हेरीएपछि/प्रयोग गरिसकेपछि/धेरै प्रयास गरिसकेपछि पनि विनियोजित हुँदैन भने, , उसलाई/उनीलाई भाग B को विद्यालय स्थानमा विनियोजित गरिनेछ।

भाग B मा विद्यालय रोजाइहरू प्रक्रिया गर्दा, कम्प्युटरले विद्यार्थीहरूको आवटन ब्याण्ड, विद्यालय रोजाइहरू र रेन्डम नम्बर अनुसार विद्यार्थीहरूलाई विद्यालय स्थानहरू निर्धारण गर्नेछ। यदि विद्यार्थीहरूलाई उनीहरूका सबै विद्यालय स्थानहरू प्रयोग गरे पछि पनि उनीहरूलाई विद्यालय स्थानहरू निर्धारण गर्न सकिएन भने, स्कुल नेटमा बाकि रहेको माध्यमिक विद्यालयहरुको[1] स्थानमा कम्पुटरले स्थान विनियोजित गर्नेछ। अर्को शब्दमा, आमाबुवाहरूले जति धेरै विद्यालय रोजाइहरू भर्नुहुन्छ, उहाँहरूको बच्चाहरूलाई छनोट गरिएको विद्यालयमा निर्धारण गरिने मौका त्यति नै धेरै हुनेछ। यसको विपरीत, यदि आमाबुवाहरूले थोरै विद्यालय वा प्रचलित विद्यालयहरू मात्रै छनोट गर्नुभयो भने, उहाँहरूको विद्यालय रोजाइहरू भन्दा परका माध्यमिक विद्यालयमा उहाँहरूको बच्चालाई निर्धारण गरिने मौका उच्च हुन्छ।

[1] प्रत्यक्ष सब्सिडी योजनाका स्कूलहरू र टिप्पणीमा रहेका स्कूलहरू बाहेक "विद्यार्थीलाई यस विद्यालयमा विनियोजन गरिने छैन जब सम्म उनीहरूले यसलाई आफ्नो छनौटमा समावेश गरेका हुदैनन्"।

**(6) Q सहायक फिडर/नामांकित प्राथमिक विद्यालयका विद्यार्थीहरूका लागि उनीहरूको सहायक फिडर/नामांकित माध्यमिक विद्यालयमा स्थान निर्धारित गरिनेछैन?**

**A** यदि सम्वन्धित विद्यार्थीहरू नेट ब्याण्ड 1 वा 2 मा पर्छन् र उनीहरूले भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" CA अन्तर्गत आफ्नो प्रथम रोजाइका रूपमा फिडर/नामांकित माध्यमिक विद्यालय रोजेका छन् भने मात्र सो आरक्षित स्थानका लागि उनीहरू योग्य हुनेछन्। योग्य विद्यार्थीहरूको सङ्ख्या आरक्षित स्थानहरू को सङ्ख्या भन्दा बढी भएमा, सबै आरक्षित स्थानहरू नभरिँदासम्म विद्यार्थीहरूको प्राथमिकता क्रम नेट ब्याण्ड र उनीहरूको अनियमित सङ्ख्याको आधारमा स्थान निर्धारण गरिनेछ।

यद्यपि, विद्यार्थीहरूलाई फिडर/नामांकित माध्यमिक विद्यालयमा निर्धारण नगरिने अवस्थाहरू हुन सक्छन्:

(a) विद्यार्थीले नेट ब्याण्डको आवश्यकतालाई परिपूर्ण गर्दैन।

(b) आवश्यक भए अनुसार उक्त विद्यार्थीले भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" CA उसको/उनको पहिलो विद्यालय रोजाइको रूपमा उक्त सहायक फिडर/नामांकित विद्यालय चयन गरेको छैन।

(c) योग्य फिडर/नामांकित प्राथमिक 6 विद्यार्थीहरूको माध्यमिक विद्यालयको आरक्षित स्थानहरूभन्दा बढी छ।

(d) विद्यार्थीले सफलतापूर्वक अर्को माध्यमिक विद्यालयमा स्वविवेकीय स्थान प्राप्त गरेको छ वा CA को भाग A "अप्रतिबन्धित विद्यालय छनौटहरू" मा विद्यालय स्थान छुट्याइएको छ; वा

(e) विद्यार्थीलाई क्रस-नेट निर्धारणको लागि प्रमाणित गरिएको छ।

**(7) Q SSPA प्रणालीमा भाग लिने प्रत्यक्ष अनुदान योजना (DSS) माध्यमिक विद्यालयहरू र सरकारी, सहायता प्राप्त र क्यापुट माध्यमिक विद्यालयहरू बीचको विनियोजित व्यवस्थामा के भिन्नताहरू छन्?**

**A** विनियोजन व्यवस्था सहभागी DSS माध्यमिक विद्यालयहरू र सरकारी, आर्थिक सहायता-प्राप्त र क्यापुट माध्यमिक विद्यालयहरूको स्थान निर्धारण प्रक्रिया मूलत: एउटै हुन्छ तर सहभागी DSS माध्यमिक विद्यालयहरूले S1 स्थानहरू मध्ये 30% भन्दा बढी DP को रूपमा आरक्षित गर्न सक्छन्। विद्यालयहरूले अझै पनि भाग A "अप्रतिबन्धित विद्यालय छनौटहरू" अन्तर्गत विनियोजितका लागि CA को लागि 10% विद्यालय स्थानहरू आरक्षित गर्न आवश्यक छ। यसबाहेक, भाग लिने DSS माध्यमिक विद्यालयहरूको S1 स्थानहरू CA को भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" मा "नो-चॉइस-नो-विनियोजन" सिद्धान्तमा छुट्याइएका छन्। अर्को शब्दमा, विद्यार्थीहरूलाई सहभागी DSS माध्यमिक विद्यालयमा बाँडफाँड गरिने छैन जबसम्म उनीहरूले विद्यालयलाई CA को भाग B मा छनोटको रूपमा समावेश नगरेका हुन्छन्।

**(8) Q निर्धारण परिणाममा आमाबुवाका प्रश्नहरू कहाँ निर्देशित गर्नुपर्दछ?**

**A** आमाबुवाहरूले EDB को SPA विभागलाई कार्यालय समयमा (सोमबार देखि शुक्रबार बिहान 8:30 बजे देखि 1:00 बजे सम्म र 2:00 बजे देखि 6:00 बजे सम्म; शनिबार, आइतबार र सार्वजनिक बिदाहरूमा बन्द) Podium Floor, West Block, Education Bureau Kowloon Tong Education Services Centre, 19 Suffolk Road, Kowloon Tong, Kowloon मा सम्पर्क गर्न सक्नुहुन्छ। SPA विभागका टेलिफोन नम्बरहरू 2832 7740 वा 2832 7700 हुन्। SSPA प्रणालीको बारेमा सामान्य जानकारीको लागि, अभिभावकहरूले यस गृहपृष्ठमा अपलोड गरिएका सूचना पुस्तिका र भिडियोहरू पनि हेर्न सक्छन्।

विद्यालय स्थान निर्धारण शाखा

शिक्षा ब्यूरो

जुलाई 2025